**निर्णय नं. ८**

यसमा प्रस्ताव नं. ८ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत विषयगत कार्यालय र वडा कर्यालयहरुको कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री पहिचानको आधारमा १५ दिने सुचना प्रकाशित गरी बोल पत्र आह्वान गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय नं. ९**

यसमा प्रस्ताव नं. ९ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत पदाधिकारीहरुका लागि क्षमता अभिबृद्धि तालिम संचालनका लागि तालिम छनौट गरी आवश्यक पहल गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १०**

यसमा प्रस्ताव नं. १० माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा दार्चुलाको कानुनी सल्लहकार श्री धिरेन्द्र सिंह साउद लाई मासिक रु १०,००० (दश हजार) दिने गरी कानुनी सल्लाहकार राख्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. ११.**

यसमा प्रस्ताव नं. ११ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत रहेका मुटु रोग,क्यान्सर रोग, मृगौला रोगका विरामीहरुलाई अनुदान दिने सम्बन्धमा यस ब्याँस गाउँपालिकाको कार्यालयमा पर्न आएका निवेदनहरु माथि छानविन गरी छानविन गरिएका विरामीहरुलाई उक्त अनुदान रकम विरामीको बैंक खातामा जम्मा गरि दिने र नाबालककोहकमा नाबालकको जन्मदर्ता र प्रमाण सहित अभिभावकको बैंक खातामा जम्मा गर्ने निर्णय पारित गरियो

**निर्णय नं. १२**

यसमा प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस ब्याँस गाउँपालिकाको दोस्रो गाउँसभा यही मिति २०७४/१२/०४ गते राख्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १३**

यसमा प्रस्ताव नं. १३ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका बाट संचालन हुने योजना तथा वडा बाट संचालन हुने योजना तथा कार्यक्रमकोहरुको सम्भौता यही मिति २०७४/१२/५ सम्म सम्भौता गरि सक्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय नं. १४**

यसमा प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको छात्रबृती अन्तरगत विनियोजित गरिएको रकमका लागि छात्र छात्राहरुको विवरण संकलन गर्न स्रोत व्यक्ति भूप सिंह कुवर लाई जिम्मेवारी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. १५**

यसमा प्रस्ताव नं. १५ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा, दार्चुलामा कार्यरत सुचना प्रविधि अधिकृत श्री शिवराज बडू लाई कार्यालय सञ्चालन गर्नका लागि माग गरिएका सामग्री खरिद गर्नका लागि निजलाई जिम्मेवारी दिने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय नं. १६**

यसमा प्रस्ताव नं. १६ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा दार्चुलामा पर्न आएका निवेदनहरु माथी आवश्यक छलफल गर्दा तपशिल बमोजिमका निवेदकहरुलाई तपशिलको शिर्षक बाट विनियोजित हुने गरी रकम दिने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

| सि. नं. | विवरण | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | काठेपुल निर्माण वार्ड नं. २ राप्ला दुम्लिङ | ५०,००० | भू-क्षय बाट | |
| २ | मान सिंह धामी वार्ड नं. ४ सुन्सेरा दार्चुला आगलागि | ५०,००० | राहत कोष | |
| | | २५,००० | चालु भैपरी आउने (शिर्षक) बाट | |